## आँधीखोला गाउँ कार्यपालिकाको
## ६९ औं बैठक

आज मिति २०८३ साल बैशाख ३१ गते बिहिबारका दिन आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाकाको कार्यालयमा गाउँपालिकाका अध्यक्ष श्री विश्वनाथ पौडेल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसेको कार्यपालिकाको बैठकमा निम्न बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | श्री विश्वनाथ पौडेल | अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री सिता थापा | उपाध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री नारायण प्रसाद सापकोटा | सचिव, आँधीखोला गाउँपालिका |
| | श्री पवनकाजी अधिकारी | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कमल प्रसाद पौडेल | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री शेरवहादुर कार्की | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री सिंह वहादुर क्षेत्री | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कृष्ण प्रसाद पनेरु | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री नविन ढकाल | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कल्पना शर्मा पौडेल | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री थान कुमारी सुवेदी | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री गोमा पौडेल पोखेल | सदस्य, आँधीखोला गाउँपालिका |
| गोमा | श्री गोमादेवी सुनार | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री टीकाराम नेपाली | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री वल वहादुर सुनार | सदस्य, आँधीखोला गाउँपालिका |
| अन्य उपस्थिति | | |
| | श्री प्रकाश पौडेल | ईन्जिनियर, आँधीखोला गाउँपालिका |
| | श्री रोशन लामिछाने | सूचना प्र.अ., आँधीखोला गाउँपालिका |
| | श्री आजाद पौडेल | लेखापाल, आँधीखोला गाउँपालिका |



Scanned with OKEN Scanner

६९ औं कार्यपालिका बैठक
२०८३/०१/३१ गते बिहिबार

**प्रस्तावहरु**

१) अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको समीक्षा ।
२) सेवा प्रवाह समीक्षा ।
३) आ. व. २०८२।०८३ का लागि योजना तथा कार्यक्रम छनौट तथा पेश ।
४) वडागत आयोजना तथा कार्यक्रमगत बजेट सिलिङ तोक्ने ।
५) सामुदायिक विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धमा ।
६) सडकको लगत कट्टा गर्ने ।
७) भू-उपयोग क्षेत्र संशोधन तथा छुट जग्गाको वर्गीकरण गर्ने ।
८) जि. स. स. बाट प्राप्त अनुगमन प्रतिवेदनको समीक्षा ।
९) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
१०) योजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गरी पेश गर्ने (वडा/टोल/बस्तीस्तर) ।
११) चालु वर्षका योजना तथा कार्यक्रमको खर्च भुक्तानी र फरफारक ।
१२) धरौटी फिर्ता दिने ।
१३) विविध ।

**निर्णयहरु**

**निर्णय नं. १**

मिति २०८२/१२/२६ गतेको ६८ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा समीक्षात्मक छलफल भयो। बैठकका निर्णय कार्यान्वयनमा रहेको पाइयो।

**निर्णय नं. २**

गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा मातहतका सेवा कार्यालयबाट प्रदान गरिदै आइरहेका सेवा प्रवाहको सम्बन्धमा समिक्षा भयो। नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२ चैत १३ गते स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची समेतलाई मध्यनजरमा राखी गाउँपालिका तथा मातहतका कार्यालयबाट उपलब्ध हुने सेवा प्रवाहलाई सरल, छिटो तथा परिणाममुखी बनाउने व्यवस्था मिलाउने।

**निर्णय नं. ३**

आगामी आ.व. २०८३।०८४ को लागि संघीय सरकार तथा प्रदेश सरकारसँग माग गर्ने योजना तथा कार्यक्रमहरुको सूची स्वीकृत गरी अध्यक्षमार्फत पेश गर्ने।

निर्णय प्रमाणित
२०८३।१।३१

Scanned with OKEN Scanner